


मलाकी
ई.पू. देखि ५३८ देखि ५३६ सम्ममा बेबिलोनबाट यहूदामा पचास हजार यहूदीहरू फर्केका थिए ।
तिनीहरूले यरूबाबलेको नेतृत्वमा ई.पू. ५१६ मा नयाँ मन्दिर बनाउने काम सिध्याए ।
ई.पू. ४५८ मा निर्वासितहरूको दोस्रो झुण्ड लिएर एज्रा फर्के भने ई.पू. ४४५ मा नहेम्याहको नेतृत्वमा तेस्रो समूह ।
तर एक शताब्दीपछि यहूदीहरू रीतिविधि मान्न थाले अनि तिनीहरूको हृदय परमेश्वरप्रति कठोर हुन थाल्यो ।
यरूशलेमको पर्खाल पुनर्निर्माण गरिसकेपछि नहेम्याह आफ्नो प्रतिज्ञाअनुसार पर्सियाको राजाकहाँ फर्के ।
यसै समयमा परमेश्वरको प्रेम र उहाँको व्यवस्थादेखि यहूदीहरू व्यापक रूपमा पछि हटेको विषयमा मलाकी अगमवक्ताले स्पष्ट सम्बोधन गरेका छन् ।


"मैले तिमीहरूलाई प्रेम गरेँ, " परमप्रभु भन्नुहुन्छ ।
तर तिमीहरू भन्छौ, "कहिले गर्नुभयो र ?"
परमप्रभु जवाफ दिनुहुन्छ, "मैले तिमीहरूका पुर्खा याकूबलाई प्रेम गरेर तिमीहरूप्रति आफ्नो प्रेम प्रकट गरेँ ।"
"एउटा छोरोले आफ्नो बाबुलाई आदर गर्छ, एउटा दासले आफ्नो मालिकलाई आदर गर्छ, तर हे पूजाहारीहरू, तिमीहरू मेरो नाउँलाई अनादर गर्छौ ।"
तिमीहरू सोध्छौ, "हामीले कहिले तपाईंको नाउँलाई अनादर गर्‍यौं र ?"
"जब तिमीहरूले अङ्गभङ्ग भएका पशुहरू मेरो वेदीमा ल्याउँछौ ।"
"जब तिमीहरू भन्छौ, "परमेश्‍वरलाई बहुमूल्य भेटी चढाउन कष्ट नगर ! " तब के तिमीहरू गलत थिएनौ र ?
"के त्यही भेटी लिएर राज्यपालकहाँ जाँदा उनी खुशी होलान् र !"
"तिमीहरू भन्छौ, 'परमेश्‍वरको सेवा गर्नु अति गाह्रो कुरो रहेछ,' अनि तिमीहरू उहाँको नियमहरूप्रति नाक खुम्च्याउँछन् ।"
"श्रापित हो त्यो मानिस जसले नरपशु अर्पण गर्नलाई भाकल गर्छ तर परमेश्‍वरलाई खोट लागेको पशु चढाउँदछ ।"
"किनकि म महाराजा हुँ," सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, र "मेरो नाउँ जातिजातिहरूका बीचमा भययोग्य हुनेछ ।"


"यदि तिमीहरूले आफ्ना चालहरू परिवर्तन गरेनौँ र मेरो नाउँलाई महिमा दिएनौँ भने म तिमीहरूमाथि डरलाग्दो दण्ड पठाउनेछु।"
"म तिमीहरूका अनुहारहरूभरि तिमीहरूले चढाएका बलिहरूको गोबर फिँजाइदिनेछु।"
"मैले तिमीहरूका पुर्खा लेवीलाई दिएको व्यवस्थातर्फ तिमीहरू फर्कन सक भनेर तिमीहरूलाई चेतावनी पठाउने म नै हुँ भन्ने तिमीहरूले जान्नेछौ, ।" सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ।"
"मबाट पाएका सबै सत्यता उसले मानिसहरूलाई हस्तान्तरण गर्‍यो। एउटा असल र धर्मी जीवन जिएर ऊ मसँगै हिँड्यो र धेरैलाई पापबाट फर्कायो।"
"एउटा पूजाहारीको ओठ परमेश्वरको ज्ञानले भरिपूर्ण हुनुपर्छ ताकि मानिसहरूले त्यसको मुखबाट परमेश्वरको व्यवस्था सिक्न सकून्... "
....र मानिसहरू मार्गदर्शन प्राप्त गर्न उनकहाँ आउनुपर्छ।"
"तर तिमीहरू आउँदैनौ! तिमीहरूले परमेश्वरका मार्गहरू त्यागेका छौ र धेरैलाई पापमा ठेस लाग्ने तुल्याएका छौ।"
"तिमीहरूले लेवीको वाचालाई भ्रष्ट पारेका छौ र त्यसलाई उलटपुलट पारेका छौ।"



“मूर्तिपूजक स्त्रीहरूसित विवाह गरेर तिमीहरूले परमेश्वरको पवित्र मन्दिरलाई बिटुलो पारेका छौ ।”
“यसो गर्ने हरेक मानिसलाई परमप्रभुले यो बाचाबाट बहिष्कृत गरिदेऊन् ।”
“तिमीहरू परमप्रभुको वेदीलाई आँसुले भिजाउँदछौ किनकि परमेश्वरले तिमीहरूका भेटीहरूलाई ध्यान दिनुहुन्न ।”
“किन परमेश्वरले हामीलाई त्याग्नुभएको छ?” भनेर तिमीहरू रुन्छौ ।
“म तिमीहरूलाई भन्छु, किन ।”
“परमेश्वरले तिमीहरूलाई दिनुभएको विश्वासयोग्य पत्नीहरू, जसलाई वास्ता र प्रेम गर्छु भन्ने प्रतिज्ञा गरी तिमीहरूले बिहे गर्‍यौ तर अहिले सम्बन्धविच्छेद गरी तिमीहरूले विश्वासघात गरेको परमेश्वरले देख्नुभएको छ ।”
“उहाँको दृष्टिमा तिमीहरू एउटै भएका थियौ– अनि उहाँले तिमीहरूबाट के चाहनुभएको छ ?”
“तिमीहरूको सम्बन्धबाट ईश्वरीय सन्तानहरू”
“आफ्नो जवानीपनकी स्वास्नीसँग विश्वास कायम राखिरहो किनकि परमप्रभुले सम्बन्धविच्छेदलाई घृणा गर्नुहुन्छ ।”
तिमीहरूले आफ्ना वचनहरूले परमप्रभुलाई थकित पारेका छौ ।
“हामीले कसरी उहाँलाई थकित पार्‍यौं र ?” तिमीहरू सोध्छौ ।
तिमीहरू यसो भनेर : दुष्ट कुरा असल छ अनि यसले परमप्रभुलाई प्रसन्न तुल्याउँछ ।
वा यसो भनेर, “परमेश्वरले हामीलाई दण्ड दिनुहुन्न । उहाँले केही गर्नुहुन्न ।”


"म आफ्नो दूतशलाई पठाउनेछु र तिनले मेरो अगिअगि बाटो तयार गर्नेछ।", परमप्रभु भन्नुहुन्छ। (१)
(१) ख्रीष्टको पहिलो आगमनअघि बप्तिस्मा दिने यूहन्ना सन्देश ल्याउने दूत थिए।
"'अनि तिमीहरू जुन प्रभुको खोजी गर्दछौ, उहाँ अचानकह आफ्नो मन्दिरमा आउनुहुनेछ– र तिमीहरूलाई ठूलो खुशी हुनेछ,' सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ।" (२)
"तर उहाँको आगमनको दिन कसले सहन सक्छ?"
(२) यसको अर्थ तुरुन्त भन्ने होइन। उहाँ अघोषित र अनपेक्षित ढङ्गले आउनुहुन्छ भन्ने आशय हो।
"'मेरो डर नमान्नेहरू सबैलाई म भट्टै दण्ड दिनेछु,' सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ।
"म परमप्रभु हुँ–म बदली हुँदिन। यसैले तिमीहरू पूरै नष्ट भएनौ किनकि मेरो करुणा सदासर्वदा रहिरहन्छ।"
"तिमीहरूले मेरो व्यवस्थालाई तिरष्कार गरेका छौ, तापनि तिमीहरू अझै मकहाँ फर्कन सक्छौ।" सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ। "आऊ र म तिमीहरूलाई क्षमा गरिदिनेछु।"
"के मानिसले परमेश्वरलाई लुट्छ र? पक्कै लुट्दैन! तैपनि तिमीहरूले मलाई लुटेका छौ।"
"कुन कुरामा हामीले तपाईँलाई लुटेका छौँ र?" तिमीहरू सोध्छौ।
"तिमीहरूले दशमांश र भेटीहरूमा मलाई लुटेका छौ, त्यसैले पूरै देश सरापको अधीनमा परेको छ।"


“‘सम्पूर्ण दशमांश ढुकुटीमा ल्याओ ताकि मेरो भवनमा भोजन रहोस्,’ परमप्रभु भन्नुहुन्छ ।”
“तब म स्वर्गका झ्यालढोकाहरू उघारेर पर्याप्त ठाउँ नहुनेसम्मका आशिष तिमीहरूमाथि बर्साउँछु !”
“मलाई जाँच ! मलाई प्रमाणित गर्न देऊ !”
तिमीहरू भन्छौ, “परमेश्वरलाई आराधना गर्नु र उहाँको आज्ञापालन गर्नु मूर्खता हो”।
तिमीहरू भन्छौ, “दुष्ट गर्नेहरू नै सफल भएका छन् । ”
तब परमप्रभुको डर मान्नेहरू र उहाँलाई प्रेम गर्नेहरूको अभिलेख सम्झनाको पुस्तकमा राखियो ।
“तिनीहरू मेरा हुनेछन्,” सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ । “उहाँको सेवा गर्ने र उहाँको सेवा नगर्नेहरूबीच उहाँले कस्तो भेद गर्नुहुन्छ, तिमीहरूले देख्नेछौ ।”


"हेर," सर्वशक्तिमान परमप्रभु घोषणा गर्नुहुन्छ, आगोको भट्टी दन्किए झैँ न्यायको दिन आउँदैछ ।
"सबै घमन्डीहरू र सबै दुष्ट काम गर्नेहरू ठुटा झैँ हुनेछन्, रूख झैँ तिनीहरू भस्म हुनेछ–जरा र हाँगासहित ।"
"तर तिमीहरू जो मेरो नाउँको डर मान्छौ, धार्मिकताको सूर्य आफ्ना पखेटामा आरोग्यता लिएर उदाउनेछ ।"
"अनि तिमीहरू गोठलाई छोडेर निस्केका बाछ्राजस्तै बाहिर निस्कनेछौ ।"
"तब तिमीहरूले दुष्टहरूलाई पैतालामुनि खरानीजस्तै कुल्चनेछौ ।" सर्वशक्तिमान परमेश्वर भन्नुहुन्छ ।


"सारा इस्राएलको निम्ति मेरो दास मोशाद्वारा होरेब पर्वतमा मैले दिएका व्यवस्थाको सम्झना गर ।"
"हेर, परमप्रभुको त्यो महा र डरलाग्दो दिन आउनअघि म एलिया अगमवक्ता जस्तै अर्को अगमवक्ता पठाउनेछु ।"
"उसको प्रचारद्वारा बाबुहरू र छोराछोरीहरू एक आपसमा मिल्नेछन्..."
"...किनकि तिनीहरूले जान्नेछन् कि यदि तिनीहरूले पश्चाताप गरेनन् भने, म आएर तिनीहरूको देशलाई पूरै नष्ट गरिदिनेछु ।"